# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
## न्यूयोर्क च्याप्टर, संयुक्त राज्य अमेरिका
नेपाली भाषासाहित्य कार्यशाला,
मे २२, २०१०

## प्रेस विज्ञप्ति

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यूयोर्क च्याप्टरले यही मे, २२ तारिख तदनुसार २०६७ जेठ ८ गते शनिबारका दिन होटल हिमालय याक रेष्टुराँ, ज्याक्सन हाइट, न्यूयोर्कमा एक दिवसीय नेपाली भाषासाहित्य कार्यशाला गोष्ठिको आयोजना गऱ्यो । ७५ जना भन्दा बढीको सहभागिता रहेको उक्त कार्यशालामा उत्तरअमेरिकाली नेपाली डायास्पोरामा नेपाली साहित्य अस्ति हिजो आज र भोलि, प्लेटोदेखि उत्तराधुनिकतासम्म, नेपाली समालोचनाको छोटो सिंहावलोकन, नेपाली साहित्य र महिला साहित्यकार, छन्द नियम लेखन र वाचन, नेपालीमा गजल रचना सैद्धान्तिक र व्यवाहारिक सल्लाह र नेपाली कथा साहित्यको विकासक्रम जस्ता विषयवस्तु समेटिएका थिए ।

च्याप्टरका सल्लाहकार डा. तारा निरौलाद्वारा सहजीकरणको गहन जिम्मेवारी निभाइएको उक्त कार्यशालामा च्याप्टरका महासचिव श्रीमती परिता राजभण्डारीले कार्यक्रमको परिचय प्रदान गर्नुभएको थियो भने महाकवि देवकोटाका शब्दलाई सापटी लिएर भन्नुपर्दा आधुनिक नेपाली भाषाका प्रथम ध्वनि आदिकवि भानुभक्त आचार्यका बंशज तथा संयुक्त राष्ट्र संघका लागि नेपालका आवासीय स्थायी प्रतिनिधि महामहिम राजदूत श्री ज्ञानचन्द्र आचार्यले दीप प्रज्वलन गरी कार्यशालाको उद्घाटन गर्नुभएको थियो । उक्त अवसरमा राजदूत आचार्यले नेपाली भाषा र सहित्यका बारेमा संक्षिप्त तर खंदिलो रुपमा प्रकाश पार्ने क्रममा साहित्यले सत्यको उद्‌वोधन गर्ने भन्दै प्रवासमा रहेर नेपाली साहित्यका सम्बन्धमा गरिएको यो कार्यशाला स्तुत्य रहेको र साहित्यको श्रीबृद्धिमा महत्वपूर्ण योगदान पुग्न जाने टिप्पणि गर्नुभएको थियो । च्याप्टरका अध्यक्ष श्रीमती ज्योति पौडेलले सहभागी सम्पूर्णलाई स्वागत मन्तव्य राख्तै कार्यशालाका उद्देश्यका बारेमा चर्चा गर्नुभएको थियो ।

दुई सत्रमा विभाजन गरिएको उक्त कार्यशालाको प्रथम सत्रमा नेपाली कथा साहित्यको विकासक्रमका विषयमा नेपाली साहित्य र खासगरी नेपाली चलचित्र साहित्यको क्षेत्रमा चर्चित साहित्यकार श्री अखिल थापाले कथा विधाका विभिन्न एघार बुँदामा चर्चा गर्नुभएको थियो । यसै गरी बाल साहित्य रचनामा प्रख्यात साहित्यकार श्री अनन्त रिसालले छन्द नियम लेखन र वाचन कलाका विषयमा प्रकाश पार्नुभएको थियो । छन्दोबद्ध कविता लयबद्ध हुने हुनाले कर्णप्रिय हुने र सम्झन पनि सुकर हुने भन्दै छन्द लेखनको प्रारम्भिक नियम य । मा ऽ ता ऽ रा ऽ ज । भा ऽ न । स । ल । गा ऽ लाई प्रयोग गरी सोदारहण प्रस्तुत गर्नुभएको थियो । पहिलो सत्रमै हालै देवकोटा सतवार्षिकी पदकबाट विभूषित श्रीमती भारती गौतमले इसाको १८औं सताव्दिदेखि नारीलेखन परम्पराको शुरुआतको चर्चा गर्दै नेपाली साहित्य र महिला साहित्यकारका विषयमा प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमको दोश्रो सत्रमा प्रसिद्ध गजलकार तथा गजल बाचन कलाका हस्ती डा. दीपक खड्‌काले गजल लेखनका सैद्धान्तिक र व्यवाहारिक पक्षका बारेमा जीवन्त प्रस्तुती गर्नुभएको थियो । विषेश गरी अंग्रेजी समालोचना साहित्यका विद्ववान एच.वी. भण्डारीले प्लेटोदेखि उत्तराधुनिकतासम्म समालोचनाको क्षेत्रमा घनिभूत तरीकाले प्रकाश पार्दै नित्सेको ईश्वर मरेको घोषणादेखि सामुयल हन्टिङ्गटनको “सभ्यताहरुका बीचको द्वन्द्व”का विषयमा चर्चा गर्नुभएको थियो । कार्यशालाका अन्तिम प्रस्तोताका रुपमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक केन्द्रीय अध्यक्ष तथा सञ्चालक समितिका सभापति श्री होमनाथ सुवेदीले उत्तरअमेरिकाली नेपाली डायास्पोरामा नेपाली साहित्य अस्ति हिजो आज र भोलिका सन्दर्भमा विसद चर्चा गर्दै सन् १९५८ मा संयुक्त राष्ट संघका लागि नेपालका आवासीय

स्थायी प्रतिनिधि ऋषिकेश शाह राजदूतका रुपमा संयुक्त राज्य अमेरिका आएदेखि सन् १९९१ मा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको स्थापना, हाल सम्म उत्तर अमेरिकामा नेपाली साहित्यकारद्वारा प्रकाशित रचनाहरुका क्षेत्रमा व्यापक रुपले प्रकाश पार्नुभएको थियो।

कार्यक्रमको अन्तिम चरणमा दिनभरीको प्रस्तुतिहरुलाई सारांशमा डा. गोविन्द कोइरालाले प्रस्तुत गर्नुभएको थियो भने कार्यपत्र प्रस्तोताहरुलाई न्यूयोर्क च्याप्टरका अध्यक्ष ज्योति पौडेल र संयुक्त राष्ट्र संघका लागि नेपालका नायव स्थायी प्रतिनिधि श्री शंकरदास बैरागीले संयुक्त रुपमा प्रमाण पत्र प्रदान गर्नुभएको थियो । अन्त्यमा न्यूयोर्क च्याप्टरका उपाध्यक्ष श्रीमती पूनम काफ्लेले सम्पूर्ण सहभागीहरु, कार्यक्रमका प्रायोजकहरु लगायत कार्यक्रम स्थल उपलब्ध गराउने होटल हिमालयन याक सबैलाई धन्यबाद दिनुका साथै आगामि दिनमा अझ परिस्कृत रुपमा कार्यक्रम सञ्चालन गर्दै जाने प्रेरणा मिलेको उल्लेख गर्नुभएको थियो । कार्यशालामा प्रस्तुत कार्यपत्रहरु अन्तर्राष्टिय नेपाली समाज, न्यूयोर्क च्याप्टरको वेवसाइट www.inlsny.org मा गएर हेर्न सक्नुहुनेछ ।

अ ने सा स
न्यूयोर्क च्याप्टर